आज मिति २०७६।०५।०३ का दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री जयकुमार घिमिरेज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्न निर्णयहरु गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| १. | प्र.जि.अ. श्री जयकुमार घिमिरे | अध्यक्ष |
| २. | सेनानी श्री अन्जन बिष्ट | सदस्य |
| ३. | प्र.ना.उ. श्री राजेन्द्र बाबु रेग्मी | |
| ४. | स.प्र.ना.उ. श्री रमेशकान्त पोखरेल | |
| ५. | प्र.अ.अ. श्री केशव प्रसाद न्यौपाने | |
| ६. | स.प्र.जि.अ. श्री प्रदीप कुमार ढकाल | |
| ७. | नि.जि.स.स. अधिकारी श्री भीमराज सेजुवाल | |
| ८. | श्री धर्म बहादुर शाही, ने.क.पा. | |
| ९. | श्री बिर्ख बहादुर थापा, ने.क.पा. | |
| १०. | श्री धर्मराज मल्ल, ने.क.पा. | |
| ११. | श्री कमल बहादुर बढा, अध्यक्ष उ.बा.संघ | |
| १२. | श्री नृपेन्द्र मल्ल, " पत्रकार महासंघ | |
| १३. | युवराज मल्ल ने.ने.पा जिल्ला प्रतिनिधि | |

निर्णयहरु:

१. मिति २०७६।०४।१९ गे मुगु जिल्लाको खत्याड गाउँपालिका वडा नं.२ को वडा कार्यालय समेतमा भएको आगलागीबाट घर, पसल पूर्णरुपमा क्षति भएका अग्नीपिडितहरु लालबहादुर मल्ल, हरिकृष्ण दाहाल, पदम बुढा र टक्कबहादुर मल्ललाई तत्कालिन राहतस्वरुप जिल्ला जिल्ला विपद् व्यवस्थापन कोषबाट प्रदान गरिएको प्रतिपरिवार नगद रु.१०,०००/- (दश हजार) का दरले जम्मा रु.४०,०००/- र राहत सामाग्रीहरु ढुवानी वापत खर्च भएको रु.५०००/- (पाँच हजार) खर्च समर्थन गर्ने साथै पिडितहरुलाई थप सहयोगको लागि स्थानीय तह, प्रदेश सरकार, तथा गृह मन्त्रालय लगायतका निकायमा अनुराध गर्ने निर्णय गरियो ।

२. मिति २०७६।०४।२० को अविर वर्षाले मुगु जिल्ला छायाँनाथ रारा नगरपालिका वडा नं.१ घाट बस्ने निर्मला मल्लको घर पूरै भत्किएको भनी प्रहरी मुचुल्कासाथ जिल्ला प्रहरी कार्यालय मुगुबाट राहतका लागि सिफारिस समेत भइ आएको सन्दर्भमा निजलाई राहतस्वरुप जिल्ला विपद् व्यवस्थापन कोषबाट नगद रु.१०,०००/- (दश हजार) प्रदान गर्ने निर्णय गरियो ।

३. मिति २०७६।०३।१९ गते जिल्ला मुगु मुगम कार्मारोंग गाउँपालिका वडा नं.९ चिभाथमा चट्याङ्ग परि सोही स्थानका स्थानीयवासी हंसलाल रोकाया समेत १२ जनाको जंगलमा चरिरहेका १०३ वटा खसी, बाखा मरेको हुँदा राहतका लागि गृह मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।